**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०३ सितम्बर २०२६**
समयः १८:५० - १६:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- मुख्यमन्त्री शुभेन्दु अधिकारीले अखिल भारतीय शैक्षिक संस्था विद्या भारतीद्वारा सञ्चालित विद्यालयहरूको संख्या बढाउनु पर्ने आवश्यकतामा जोड दिनु भएको छ।

- पश्चिम बंगाल सरकारले बंगाली सिनेमाका महानायक उत्तम कुमारको जन्मशताब्दी वर्षभरि विभिन्न कार्यक्रमहरूको साथमा मनाउनेछ।

- पार्वतीय मामिला तथा अल्पसंख्यक विभागीय राज्य मन्त्री विशाल लामा अनि खरसाङका विधायक सोनाम लामाले आज मिरिक पर्यटन केन्द्रको भ्रमण गर्नुभयो।

- दार्जिलिङ जिल्लाको राष्ट्रिय राजमार्ग ३२७ अन्तर्गत बागडोगरा-पानीट्याङ्की-खोरीबारी-गलगलिया खण्डको ३१.०२ किलोमिटर खण्डलाई चार लेनको रूपान्तरण गर्न २ हजार ७७.१८ करोड रुपियाँ स्वीकृत गरिएको छ।

- मौसम विभागले उत्तर बंगालका जिल्लाहरूमा भारी वर्षाको लागि ओरेन्ज अलर्ट जारी गरेको छ।

**मुख्यमन्त्री- विद्याभारती**

मुख्यमन्त्री शुभेन्दु अधिकारीले अखिल भारतीय शैक्षिक संस्था विद्या भारतीद्वारा सञ्चालित विद्यालयहरूको संख्या बढाउनु पर्ने आवश्यकतामा जोड दिनु भएको छ। आज गोलपार्कस्थित रामकृष्ण मिसन इन्स्टिच्युट अफ कल्चर प्रेक्षागृहमा आयोजित विद्या भारतीको स्थानीय शाखा विवेकानन्द विद्या विकास परिषद्को वार्षिक समारोहलाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले अर्को वर्ष भित्र पश्चिम बंगालमा विद्या भारती विद्यालयहरूको संख्या एक हजार भन्दा अधिक बनाउन आह्वान गर्नु भयो। उहाँले संस्थानका अधिकारीहरूलाई सबै सम्भव सहयोगको आश्वासन दिनु भयो। उल्लेखनीय छ, पश्चिम बंगालमा विद्या भारती अन्तर्गत हाल तीन सयभन्दा बढी विद्यालयहरू सञ्चालनमा छन्। मुख्यमन्त्रीले भन्नु भयो, विगतका सरकारहरूले आफ्नो राजनीतिक स्वार्थका लागि राज्यको शिक्षा प्रणालीलाई प्रदूषित गरेका थिए। वाम मोर्चाको शासनकालमा अंग्रेजी र कम्प्युटर शिक्षा भंग भएको थियो भने तृणमूल कांग्रेस सरकारले ठगी, भ्रष्टाचार र पाठ्यक्रममा छेडछाड गरेर राज्यको शिक्षा प्रणालीलाई पतनको संघारमा पुऱ्याएको थियो। उहाँले विगतका सरकारहरूले प्रदान गर्ने शिक्षा प्रणालीले नयाँ पुस्तामा मूल्यमान्यता र राष्ट्रवाद जगाउन असम्भव बनाएको बताउनु भयो।

**उत्तमकुमार- मुख्यमन्त्री**

पश्चिम बंगाल सरकारले बंगाली सिनेमाका महानायक उत्तम कुमारको जन्मशताब्दी वर्षभरि विभिन्न कार्यक्रमहरूको साथमा मनाउनेछ। मुख्यमन्त्री शुभेन्दु अधिकारीले आज टोलीगञ्जमा रहेको उनको प्रतिमामा पुष्पहार अर्पण गर्नु हुँदै यो घोषणा गर्नु भएको छ। यस अवसरमा अभिनेता रञ्जित मल्लिक, प्रोसेनजीत चटर्जी, देव र जीत लगायतका व्यक्तिहरू उपस्थित थिए। मुख्यमन्त्रीले उत्तम कुमारको जन्मशताब्दी उत्सव केही दिनसम्म चल्ने औपचारिक कार्यक्रमहरूमा मात्र सीमित नहुने र कार्यक्रमहरू वर्षभरि जारी रहने बताउनु भयो । उहाँले सरकारले यसलाई भारतीय जनसंघका संस्थापक श्यामा प्रसाद मुखर्जीको १२५ औं जन्मजयन्ती जत्तिकै महत्त्वका साथ मनाउने बताउनु भयो।

मुख्यमन्त्री शुभेन्दु अधिकारीले उत्तम कुमारको योगदानलाई प्रमाणित गर्न आवश्यक नभएको बताउनु भयो। मुख्यमन्त्रीले उनीहरूको महान व्यक्तित्वलाई श्रद्धाञ्जली दिन मानिसहरू आफैं अगाडि आइरहेको र जन्मशताब्दी मनाउन राज्यभर उत्तम कुमारको नाममा राखिएका संस्थाहरूको पुनर्निर्माण गरिने पनि बताउनु भएको छ । मुख्यमन्त्रीले कोलकाता महानगरपालिकाको उत्तम मञ्चको पनि पुनर्निर्माण गरिने र राज्यका विभिन्न भागमा रहेका उत्तम कुमारका मूर्तिहरूको तस्बिरहरू पनि सङ्कलन गरिरहेको बताउनु भयो। उहाँले भन्नुभयो, उत्तम कुमारको नाममा कोलकातामा नयाँ संस्थान पनि निर्माण गरिनेछ। जसको शिलान्यास शुक्रबार बिहान गरिनेछ।

**नगरपालिका चुनाव**

दुर्गा पूजा पछि कुनै पनि समयमा राज्यमा नगर निगम र नगर परिषद्को चुनाव हुन सक्ने सम्भवना छ। राज्यको निर्देशन पालना गर्दै हिज साँझ कोलकातास्थित निर्वाचन आयोगको कार्यालयमा उच्चस्तरीय भर्चुअल बैठक बसेको थियो। राज्य निर्वाचन आयुक्त कृष्ण गुप्ताको अध्यक्षतामा भएको बैठकले पूजाअघि नै निर्वाचनसँग सम्बन्धित सबै तयारी पूरा गर्नु पर्ने स्पष्ट रूपमा उल्लेख गरेको थियो। यसबाहेक, राज्य निर्वाचन आयोगले स्वतन्त्र र शान्तिपूर्ण नगर निर्वाचन सञ्चालन गर्न आवश्यक पर्ने पुलिस कर्मचारीको संख्याको बारेमा छ जिल्लाका जिल्ला मजिस्ट्रेटहरूबाट जानकारी पनि मागेको छ। यस महत्त्वपूर्ण बैठकमा दार्जीलिङ, कालेबुङ, जलपाइगढ़ी, दक्षिण २४ परगना, हावडा र पूर्वी मेदिनीपुरका जिल्ला मजिस्ट्रेटहरू र जिल्ला नगर निर्वाचन अधिकारीहरूले भाग लिएका थिए। आयोग स्रोतका अनुसार बैठकले मुख्यतया शहरी क्षेत्रहरूको लागि नयाँ सीमाङ्कन गर्ने प्रक्रिया, सिट आरक्षण, ईभीएम व्यवस्थापन, अन्तिम मतदाता सूचीको तयारी, मतदान केन्द्रहरूको छनोट र पर्याप्त मतदान कर्मचारीहरूको तैनाथीको समीक्षा गरेको थियो।

**विशाल लामा- मिरिक**

राज्यका पार्वतीय मामिला तथा अल्पसंख्यक विभागीय राज्य मन्त्री विशाल लामा अनि खरसाङका विधायक सोनाम लामाले आज मिरिक पर्यटन केन्द्रको भ्रमण गर्नुभयो। यसक्रममा मन्त्री विशाल लामाले पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै मिरिक पर्यटन केन्द्रलाई थप व्यवस्थित बनाउनका लागि विभिन्न परियोजनाहरू तयार भइरहेको र यसको कार्य पनि चाँड़ै नै शुरू हुने बताउनु भएको छ। उहाँले मिरिक झीलदेखि केही मास्तिर रहेको पम्प हाउसमा गुरू पद्मसम्भवको प्रतिमा स्थपना गरिने कार्य चाँड़ै शुरू हुने अनि सोही परिसरमा स्काई वक पनि निर्माण गरिने बताउनु भएको छ। यसका साथै उहाँले मिरिक झीललाई थप सुन्दरीकरण गर्ने पनि बताउनु भएको छ। श्री लामाले मुख्यमन्त्री शुभेन्दु अधिकारी दार्जीलिङ पहाड़का लागि गम्भीर रहेको र उहाँले पहाड़का मानिसहरूलाई बुनियादी सुविधाहरू उपलब्ध गराउनु पर्ने कुरोमा जोड़ दिँदै आउनु भएको बताउनु भएको छ।

**फोर लेन सड़क**

उत्तर बंगालमा सडक र यातायात पूर्वाधारलाई सुदृढ पार्न एउटा ठूलो पहल गरिएको छ। दार्जिलिङ जिल्लामा राष्ट्रिय राजमार्ग ३२७ को बागडोगरा-पानीट्याङ्की-खोरीबारी-गलगलिया खण्डको ३१.०२ किलोमिटर खण्डलाई चार लेनको रूपान्तरण गर्न २ हजार ७७.१८ करोड रुपियाँ स्वीकृत गरिएको छ। दार्जिलिङका सांसद राजु विष्टको कार्यालयले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिमा यो जानकारी दिइएको छ। यसले उत्तरपूर्वी भारतका साथै नेपाल, भुटान र बंगलादेशसम्मको मार्गहरूमा पहुँच सुधार गर्नेछ।

सासंद राजु विष्टले परियोजनालाई अनुमोदन गरेकोमा प्रधानमन्त्री नरेन्द्र मोदी, केन्द्रीय सडक यातायात तथा राजमार्ग मन्त्री नितिन गडकरी र पश्चिम बंगालका मुख्यमन्त्री शुभेन्दु अधिकारीप्रति आभार प्रटक गर्नु भएको छ। उहाँले यो परियोजना उत्तर बंगालमा पूर्वाधार र सम्पर्क सुदृढीकरणको दिशामा एक महत्त्वपूर्ण कदम साबित हुने बताउनु भएको छ। प्रस्तावित परियोजना रणनीतिक रूपमा महत्त्वपूर्ण सिलगढ़ी करिडोरको लागि महत्त्वपूर्ण मानिन्छ। चार लेनको यो सडकले बागडोगरा, नक्सलबारी, खोरीबारी र पानीट्याङ्की क्षेत्रमा ट्राफिक प्रवाहमा सुधार ल्याउने र सडक सुरक्षा बढाउने अपेक्षा गरिएको छ। यस परियोजनाले राजमार्गको दुबै छेउमा तीन प्रमुख पुल, एउटा सडक ओभरब्रिज, पाँच हात्ती अन्डरपास र सेवा सडकहरू निर्माण गर्नेछ।

**दार्जीलिङ भाजपा- कोलकता**

भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला संगठनका नेतृत्वहरूको एक प्रतिनिधिमण्डलले आज कोलकातास्थित बिस्व बाङ्ला कन्भेन्सन सेन्टरमा आयोजित राज्यस्तरीय ‘सेवा संकल्प अभियान’ मा सहभागिता जनायो। पश्चिम बंगालका विभिन्न क्षेत्रबाट आएका भाजपा नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको उक्त कार्यक्रममा सेवा, जनकल्याण तथा सामाजिक विकासप्रति पार्टीको प्रतिबद्धतालाई विशेष जोड दिइयो। राज्यस्तरीय कार्यक्रममा वरिष्ठ भाजपा नेताहरूले सम्बोधन गरेका थिए। राज्यका मुख्यमन्त्री सुवेन्दु अधिकारी, भाजपा राज्य अध्यक्ष तथा सांसद  शमिक भट्टाचार्य,  अमित मालवीय, सांसद सञ्जय जायसवाल, अमिताभ चक्रवर्ती तथा श्रीमती लोकेट चटर्जी लगायतका नेताहरूले सम्बोधन गरेका थिए। कार्यक्रममा वक्ताहरूले तल्लो तहसम्म संगठनात्मक सम्पर्कलाई थप सुदृढ बनाउँदै जनकल्याणका विषयमा निरन्तर ध्यान केन्द्रित गर्नुपर्नेमा जोड दिए। साथै, सेवा–मुखी गतिविधि तथा सामाजिक र विकासात्मक लक्ष्य हासिल गर्न सामूहिक प्रयासको आवश्यकतामाथि पनि प्रकाश पारियो। दार्जीलिङ भाजपा प्रतिनिधिहरूले ‘सेवा’लाई संगठनको मूल प्रतिबद्धताका रूपमा आत्मसात् गर्दै जनकल्याण, विकास तथा तल्लो तहसम्म जनसम्पर्कलाई थप सुदृढ बनाउन सामूहिक रूपमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे।

**आबकारी विभाग- बरामद**

जलपाईगढ़ी आबकारी विभागले गजलडोबाको सरस्वतीपूर क्षेत्रबाट अधिक मात्रामा अवैध मदिरा र मदिरा बनाउन प्रयोग हुने सामग्रीहरू बरामद गरिएको छ। आबकारी विभाग सर्कल इन्स्पेक्टर केएस ब्रिधीले आज बिहान अलोर पुलिस थाना क्षेत्रको गजलडोबाको सरस्वतीपुर क्षेत्रमा जलपाईगढी आबकारी विभागसँग संयुक्त कारबाही गरिएको बताउनु भएको छ। कारबाहीको क्रममा कुल १३५ लिटर आईडी रक्सी, ५६ प्लास्टिक ड्रम र ३ हजार ९ सय २० लिटर फर्मेन्टेड वाश बरामद गरिएको छ। बरामद गरिएका सामानहरूको कुल अनुमानित मूल्य ८ लाख ५१ हजार ५०० रुपियाँ रहेको बताइएको छ। यस कारबाहीपछि सम्बन्धित विभागले यस विषयमा थप कानुनी कारबाही गरिरहेको छ।

**मौसम**

मौसम विभागले उत्तर बंगालका जिल्लाहरूमा भारी वर्षाको लागि ओरेन्ज अलर्ट जारी गरेको छ। मौसम विभागका अनुसार बंगालको खाडीबाट आउने आर्द्रतायुक्त हावाका कारण जलपाईगडी, अलिपुरद्वार र कुचबिहार जिल्लाका धेरै ठाउँमा मुसलधारे वर्षा हुने सम्भावना रहेको  छ।  निरन्तर वर्षाका कारण दार्जिलिङ र कालेबुङका पहाडी सडकहरूमा पहिरो जाने र निम्न क्षेत्रमा बहने नदीहरूको पानीको सतह बढ्ने चेतावनी जारी गरिएको छ, जसले गर्दा जलमग्नता बढ्ने चेतावनी दिइएको छ। अवस्थालाई ध्यानमा राख्दै, मौसम विभागले विपद् व्यवस्थापन प्रणालीलाई सतर्क रहन सल्लाह दिएको छ। आँधीबेहरी र खराब मौसमको समयमा नागरिक र पर्यटकहरूलाई खुला ठाउँहरू, रूखहरू मुनि र पानी जम्ने क्षेत्रहरूबाट टाढा रहन सल्लाह दिइएको छ। पहाडी क्षेत्रहरूमा यात्रा गर्ने मानिसहरूलाई पनि सडकको अवस्था मूल्याङ्कन गरेर मात्र यात्रा गर्न निर्देशन दिइएको छ।

****** ० ******